# सूचना हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडसंग सम्बन्धित देहायका आ.व. २०७७/०७८ चौथो त्रैमासको सूचना अध्यावधिक गरि प्रकाशन गरिएको छ ।

१. **निकायको स्वरुप र प्रकृतिः** कम्पनी ऐन, २०६३ वमोजिम २०४५ साल मार्ग ४ गते नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भई यो कम्पनी पव्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो । मिति २०५० श्रावण ६ गते बीमा समितिबाट निर्जीवन बीमा व्यवसाय गर्ने बिमकको प्रमाण पत्र पाई नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयबाट २०५० श्रावण १३ गतेमा कारोवार सुरू गर्ने इजाजत पत्र प्राप्त गरि २०५० मार्ग १६ गतेदेखि निर्जीवन बीमाको कारोवार गर्दै आएका छौं ।

२. **निकायको काम, कर्तब्य र अधिकारः** केन्द्रीय कार्यालय ववरमहल, काठमाण्डौमा भएको यस कम्पनीले देशको विभिन्न स्थानमा गरि जम्मा ८ वटा शाखा, १७ वटा उपशाखा र १ एक्टेन्सन काउन्टर समेतका कार्यालयहरूवाट कम्पनीको प्रवन्धपत्र र नियमावलीको अधिनमा रही आफ्नो काम कर्तव्य र अधिकारहरू प्रयोग गरि व्यवसाय संचालन गर्दै आएको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** हाल यस कम्पनीमा स्थायी, अस्थायी, करारसेवा र आउटसोर्समा समेत गरि १९५ जना कर्मचारी कार्यरत छन् ।
आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६३ तथा कर्मचारी नियमावली, २०७५ र वीमकको सस्थागत सुशासन सम्वन्धि निर्देशिका, २०७५ वमोजिम कर्मचारीहरूको कार्य विभाजन गर्दै आएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः** विभिन्न निर्जिवन वीमा सेवाहरू जस्तै सम्पत्ती, सामूद्रिक, मोटर, हवाई, ईन्जिनियरिङ्ग, विविध, कृषी तथा पशु र लघु वीमा सेवा प्रदान गरिदै आएको छ ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** केन्द्रीय कार्यालय, थापागांउको हकमा प्रमुख कार्यकारी अधिकृत, नायव महाप्रबन्धकहरू, विभागिय प्रमुखहरू र शाखा तथा उपशाखा कार्यालयहरूको लागि सम्बन्धित प्रमुखहरू जिम्मेवार हुनेछ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** यस कम्पनीले गर्ने वीमाहरू वीमा समितिवाट जारी भएका निर्देशन वमोजिमको दर रेटमा र दर रेट नतोकिएका वीमाको हकमा अण्डरराईटिङ्ग विभागवाट तोकिए वमोजिम वा पूनर्विमकहरूवाट तोकिए वमोजिमका वीमाशुल्क भुक्तानी भएपछि तत्काले वीमालेख उपलव्ध गराउने व्यवस्था गरिएको छ । दावीको हकमा सर्भेयरको प्रतिवेदन प्राप्त भएपछि वा आवश्यक न्यूनतम कागजात प्राप्त भएको १५ दिन भित्रमा भुक्तानी गरिने व्यवस्था छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** आर्थिक प्रशासन सम्वन्धि विनियमावली तथा कर्मचारी नियमावली बमोजिम शाखा प्रमुख, विभागिय प्रमुख, नायब महाप्रबन्धक तथा प्रमुख कार्यकारी अधिकृतलाई सांगठनिक स्वरूप अनुसार निर्णय गर्ने अधिकारी तोकिएको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** उजुरीको प्रकृती अनुसार शाखा प्रमुख, विभागिय प्रमुख, नायब महाप्रबन्धक, कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृतलाई निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिएको छ ।

९. **सम्पादन गरेको कामको विवरणः** बीमा ऐन, २०४९ तथा वीमा नियमावली, २०४९, तथा वीमा समितिको निर्देशन र परिपत्र वमोजिम निर्जिवन वीमा सेवाका सम्पूर्ण सेवाहरू कम्पनीले सम्पादन गर्दै आएको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम एवं पदः**
सूचना अधिकारी (नायब महाप्रबन्धक) को नामः श्री ध्रुव प्रसाद न्यौपाने, मोवाईल नं. ९८५१०५१७५३
प्रमुख कार्यकारी अधिकृतः श्री सुशील बज्राचार्य, मोवाईल नं. ९८५१०५१७५८

११. **ऐन, नियम, विनिमय वा निर्देशिकाको सूचीः** सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरू यस कम्पनीले पालना गर्दै देहाय वमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू निर्जिवन वीमा व्यवसायको लागि प्रमुख रहेका छन् ।
क) कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६४
ख) वीमा ऐन, २०४९ तथा वीमा नियमावली, २०४९
ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३
घ) करार ऐन, २०५६ तथा नियमावली
ङ) सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४ तथा सम्पत्ती शुद्धीकरण निवारण नियमावली, २०७३
च) वीमा समितिवाट जारी गरिएका सम्पूर्ण निर्देशनहरू तथा परिपत्रहरू
छ) सम्पत्ती सुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तिय लगानी निर्देशिका, २०७४ तथा
ज) अण्रराईटिङ्ग तथा दावी सम्वन्धि म्यानुयलहरू, पूनर्विमा नीति, आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६३ तथा कर्मचारी नियमावली, २०७५

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक विवरणः** कम्पनीको आम्दानी खर्च वित्तीय अध्यावधिक विवरण त्रैमासिक रूपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ साथै कम्पनीको वेव साईट www.hgi.com.np मा समेत उपलव्ध छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरणः** नभएको ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः**
यस कम्पनीवाट समय समयमा घुम्ती वीमाको माध्यमवाट वीमा सेवा प्रदान गर्दै आएका छौ ।

१५. **सार्वजनिक निकायको वेभसाइट भए सो को विवरणः** www.hgi.com.np

१६. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः**
कम्पनीको स्वामित्वमा रहेको ववरमहल, काठमाण्डौ स्थित जग्गामा कर्पोरेट भवन निर्माण कार्यको भैरहेको छ ।


**हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड**
**HIMALAYAN GENERAL INSURANCE COMPANY LIMITED**
केन्द्रिय कार्यालयः वडा नं.१०, थापागांउ, काठमाण्डौं, पो.ब.नं.१४८
फोन नं. ५२४५०९०, ५२४५०९६ फ्याक्स नं. ५२४५०९९

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड
## HIMALAYAN GENERAL INSURANCE COMPANY LIMITED

केन्द्रिय कार्यालयः वडा नं.१०, थापागांउ, काठमाण्डौं, पो.ब.नं.१४८

फोन नं. ५२४५०९०, ५२४५०९६ फ्याक्स नं. ५२४५०९९


**परिशिष्ट १ (निर्देशन १ संग सम्वन्धित)**

**निर्जिवन विमा गर्ने वीमकको त्रैमासिक वित्तीय विवरण**

## आ. ब. २०७७/७८ को चौथो त्रैमासिकको लेखापरीक्षण हुन बाँकी वित्तीय परिणाम

### वासलात

(रकम रू. हजारमा)

| क्र.सं. | विवरण | लेखापरीक्षण नभएको | लेखापरीक्षण नभएको | लेखापरीक्षण भएको |
|---|---|---|---|---|
| | | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब. को सम्वन्धित त्रैमासिकको अन्त्यमा |
| **१.** | **श्रोत (१.१ देखि १.४ सम्म)** | **२,०३८,००१** | **२,०१३,५२७** | **१,८८२,४३५** |
| १.१ | चूक्ता पूँजी | १,१००,३३७ | १,०६८,२८८ | १,०६८,२८८ |
| १.२ | जगेडा तथा कोष | २४६,७९० | २८६,६३१ | २०१,०५५ |
| १.३ | वीमा कोष | ६३९,७१८ | ६०७,४५२ | ५६१,९३४ |
| १.४ | महा बिपत्ती कोष | ५१,१५७ | ५१,१५७ | ५१,१५७ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| **२** | **उपयोग (२.१ देखि २.५ सम्म)** | **२,०३८,००१** | **२,०१३,५२७** | **१,८८२,४३५** |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ८२,७०२ | ५७,२८४ | ५८,१५६ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | २९२,२९१ | ३८०,९५० | ७८४,८४१ |
| २.३ | खुद चालु सम्पत्ति (३-४) | १,६६३,००८ | १,५७५,२९३ | १,०३९,४३८ |
| २.४ | अपलेखन वा समायोजन हुन बा□की विविध खर्च | - | - | - |
| २.५ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| | **खुद चालु सम्पत्तिको विवरण** | - | - | - |
| **३** | **चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)** | **२,४१४,०३०** | **२,४२६,७९७** | **२,१००,३०२** |
| ३.१ | नगद तथा बैक मौज्दात | ६६,६१५ | १७५,५४७ | ५८,३८३ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | १,५५०,८८२ | १,५८५,५०० | १,४६९,२७३ |
| ३.३ | अन्य सम्पत्ति | ७९६,५३३ | ६६५,७४९ | ५७२,६४७ |
| **४** | **चालु दायित्व तथा व्यवस्थाहरुरु (४.१ देखि ४.४) सम्म** | **७५१,०२२** | **८५१,५०४** | **१,०६०,८६४** |
| ४.१ | चालु दायित्व | १८८,८२५ | २७२,४९२ | ४५६,४०४ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १२५,४६० | १६९,५२५ | १३७,२८३ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ११९,२१९ | १०९,५७१ | ९५,२०९ |
| ४.४ | अन्य व्यवस्था | ३१७,५१८ | २९९,९१६ | ३७१,९६८ |

### नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.ब. को |
|---|---|---|---|---|
| **१** | **आम्दानी (१.१ देखि १.४ सम्म)** | **२६३,५८९** | **१५६,३२०** | **३०३,८१२** |
| १.१ | आय व्यय हिसाबबाट सारेको | १०१,६२७ | ६५,७२१ | १५६,०१० |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | ११६,१६० | ९०,३८४ | १४६,८८४ |
| १.३ | व्यवस्था फिर्ता | ७,३४० | - | - |
| १.४ | अन्य आम्दानी | ३८,४६३ | २१५ | ९१८ |
| **२** | **व्यवस्था तथा खर्चहरु (२.१ देखि २.७ सम्म)** | **१०८,०२३** | **६५,२८६** | **१३०,२७५** |
| २.१ | व्यवस्थापन खर्च | १६,६५९ | ११,८२१ | १५,२५० |
| २.२ | अपलेखन खर्च | - | - | ९,७८० |
| २.३ | अन्य खर्च | - | - | २२० |
| २.४ | नोक्सानीको लागि व्यवस्था | - | - | ४,३२३ |
| २.५ | कर्मचारीको आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी वोनस व्यवस्था | २४,६९३ | १४,४५० | २७,४२४ |
| २.७ | आयकर | ६६,६७१ | ३९,०१५ | ७३,२७८ |
| **३** | **खुद नाफा/नोक्सान (१-२)** | **१५५,५६६** | **९१,०३४** | **१७३,५३७** |

### एकिकृत आय व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.ब. को |
|---|---|---|---|---|
| **१** | **आय (१.१ देखी १.४ सम्म)** | **६३८,८३४** | **५५८,३९७** | **६७४,७८६** |
| १.१ | वीमाशुल्क (खुद) | २५०,९२० | २१६,३२७ | २६१,२८१ |
| १.२ | पुनर्वीमा कमिशन आय | ११४,८०८ | ७७,९०७ | १२४,६३८ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ३८,७२० | ३०,१२८ | ४१,२९७ |
| १.४ | अन्य प्रत्यक्ष आय | १,८९४ | १,५४४ | १,४७५ |
| १.५ | वर्षको शुरूको भूक्तानी हुन बांकी दावी वापत व्यवस्था | ९५,२०९ | ९५,२०९ | १०८,६१४ |
| १.६ | वर्षको शूरूको असमाप्त जोखिम वापत व्यवस्था | १३७,२८३ | १३७,२८३ | १३७,४८१ |
| **२** | **व्यय (२.१ देखि २.८ सम्म)** | **५३७,२०८** | **४९२,६७६** | **५१८,७७६** |
| २.१ | दावी भुक्तानी (खुद) | १२०,०३६ | ९०,७१० | १३५,३२५ |
| २.२ | अभिकर्ता कमिशन | १८,०७८ | १२,६३६ | १४,८६८ |
| २.३ | पूनर्वीमा कमिशन खर्च | १४१ | १३५ | २५७ |
| २.४ | सेवा शुल्क (खुद) | २,५०९ | २,१६३ | २,९३१ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | १,८३६ | १,५४४ | २,२९३ |
| २.६ | व्यवस्थापन खर्च | १४९,९२७ | १०६,३९१ | १३७,२५२ |
| २.७ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ११९,२१९ | १०९,५७१ | ९५,२०९ |
| २.८ | त्रैमासिकको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | १२५,४६० | १६९,५२५ | १३०,६४० |
| **३** | **नाफा/नोक्सान हिसाबमा सारेको (१-२)** | **१०१,६२७** | **६५,७२१** | **१५६,०१०** |

### अन्य

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.ब. को |
|---|---|---|---|---|
| १ | वीमाशूल्क आर्जन (कुल) रकम (रू. हजारमा) | १,३०६,९६७ | ९१८,५१५ | १,३९७,३९१ |
| २ | जारी वीमालेखको संख्या | ७५,६८७ | ६४,९७९ | ५९,५८४ |
| ३ | नवीकरण गरिएको वीमालेखको संख्या | १६,०३५ | १२,२०१ | - |
| ४ | कुल दावी भुक्तानी रकम (रू.हजारमा) | १,७५४,७५५ | १,५४८,८८३ | ३८४,१५७ |
| ५ | कुल दावी भुक्तानी संख्यामा | ७,३८४ | ५,६८४ | ४,४३२ |
| ६ | भुक्तानी हुन बाँकी दावी (रू.हजारमा) | ५६५,४३५ | ५४७,४८१ | १,३५१,३३९ |
| ७ | भुक्तानी हुन बाँकी दावी संख्यामा | ३,६२३ | २,६०२ | ९२० |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम १ संग सम्बन्धित**

## आ.व. २०७७/०७८ को चौथो त्रैमासिक (२०७८ आषाढ मसान्तको) प्रतिवेदन

१. **वित्तीय विवरण**

क) यस कम्पनीको चौथो त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब तथा आय व्यय हिसाब (लेखापरीक्षण हुन बाँकी) विवरण यसै दैनिकमा प्रकाशन गरिएकोछ ।

ख) प्रमुख वित्तीय अनुपातहरूः

प्रति शेयर आम्दानी : रू. १४.१४   पि.ई. अनुपात : ५४.३२

प्रति शेयर नेटवर्थ : रू.१८५.२२   प्रति शेयर कुल सम्पत्तिको मूल्य : रू.२५३.४७   तरलता अनुपात : ३.६३

२. **व्यवस्थापकीय विश्लेषण**

क) लगानीवाट हुने आय तथा प्रिमियम आम्दानी सन्तोषजनक रहेको छ ।

ख) कम्पनीले ग्राहकहरूलाई स्तरिय वीमा सेवा प्रदान गर्दै आईरहेको कारण ग्राहकहरू सन्तुष्ट भई कम्पनीको शाख वृद्धी भईरहेको छ । सोहि अनुरूप वजार विस्तार केन्द्रीत गरि व्यवसाय विविधिकरण गर्दै जाने रणनीति कम्पनीले लिएको छ ।

ग) समिक्षा अवधिमा भएको व्यवसाय तथा लगानीवाट हुने आयलाई दृष्टिगत गर्दा कम्पनीले भविष्यमा राम्रो प्रतिफल दिन सक्ने अपेक्षा राखेको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण**

क) कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वाभएको भएः यस सम्बन्धी हालसम्म कुनै जानकारी नभएको ।

ख) कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको भए : यस सम्बन्धी हालसम्म कुनै जानकारी नभएको ।

४. **कम्पनीको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) धितोपत्र बजारमा भएको कम्पनीको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणाः यस कम्पनीको शेयर मुल्य धितोपत्र बजारको नीतिनियम वमोजिम खुल्ला बजारले निर्धारण गर्ने गरेको र सोहि अनुसारले कारोवार हुने गरेको छ ।

ख) यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिममूल्य र कारोवार भएको शेयर संख्या :

| | | |
|---|---|---|
| अधिकत्तम मूल्य : रू.९५६।- | न्यूनतम मूल्य : रू.६७१।- | कारोवार भएको शेयर संख्या : ३५,४०,५९४ कित्ता |
| अन्तिम मूल्य : रू.७६८।- | कारोवार भएको दिन : ६५ दिन | कारोवार संख्या : २१४३९ |

५. **समस्या तथा चुनौति :**

**आन्तरिक समस्या र चुनौती**

क) बीमा बजारमा बढ्दो प्रतिस्पर्धाको चुनौती ।

ख) बढ्दो मुद्धास्फितिका कारण संचालन खर्चमा वृद्धि ।

ग) बीमा सम्बन्धी जनचेतनाको कमी ।

**वाह्य समस्या र चुनौती**

क) आर्थिक तथा राजनीतिकवातावरणले व्यवसायमा पर्ने प्रभाव ।

ख) महाभुकम्प, वाढी पहिरो तथा दैविप्रकोपले पर्न सक्ने महाविपत्तीको प्रभाव ।

ग) हालै विश्वव्यापी रूपमा देखिएको महामारी COVID-19 को कारणले व्यवसायमा पर्ने प्रभाव ।

**रणनीतिः**

जनशक्तिलाई प्रभावकारी गर्नको लागि मौजुदा कर्मचारीहरूलाई निरन्तर रूपमा तालिम प्रदान गर्ने तथा उचित प्रोत्साहन प्रदान गर्ने नीति कम्पनीले अवलम्वन गर्नेछ । ग्राहक सन्तुष्टिलाई केन्द्र विन्दु मानेर सेवा प्रदान गर्न कम्पनी सदैव प्रयत्नसिल छ ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन कायम राख्न कम्पनी सदैव प्रतिवद्ध रहेको छ । साथै संस्थागत सुशासन कायम राख्न कम्पनीले देहाय बमोजिम कदम समेत अवलम्वन गरेको छ ।

क) संचालक समिति, बीमा ऐन, बीमानियमावली तथा विद्यमान कानून र अन्य नियमनकारीको नियम तथा निर्देशनको पूर्ण पालना गरि संस्थागत सुशानलाई निरन्तर पालनाको लागि संचालक समिति तथा व्यवस्थापन कटिवद्ध छ ।

ख) आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित छ साथै आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था जारी छ ।

७. **सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणः**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य पूर्ण छन् र लगानीकर्ताहरूलाई उपयूक्त निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारी लुकाइएको छैन ।